गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
५ नं. प्रदेश नेपाल

वेव: www.gangadevmun.gov.np
ई-मेल: gangadevmun@gmail.com
फोनः९८२९५०९२४५


पत्र संख्या : २०७६/०७७
सूचना नं ३१

मितिः २०७६/१२/०९

## सार्वजनिक सूचना ।

कोरोना भाइरस (Covid-19) ले विश्वव्यापी रुपमा माहामारीको स्वरुप ग्रहण गरिसकेको अवस्थामा मिति २०७६/१२/०९ गते गंगादेव गाउँ कार्यपालिकाको बैठकको निर्णयले कोरोना भाइरसबाट गाउँपालिकाका नागरिकहरुलाई संक्रमणबाट बचाउन अपनाउनु पर्ने पुर्व सावधानिको बारेमा देहाय बमोजिमको निर्णय गरेको छ ।

- कार्यालय प्रमुखको संयोजकत्वमा गाउँपालिकाका विषयगत शाखा प्रमुख, स्थानिय इलाका प्रहरी कार्यालय जिनावाङका कार्यलय प्रमुख रहने गरि RRT (द्रुत प्रतिकार्य समुह) गठन गर्ने निर्णय गरि वडा स्तरमा सामुदायिक द्रुत प्रतिकार्य समुह गठन गर्ने निर्णय गरियो ।
- (Covid-19) कोरोना भाइरसको रोकथामको लागि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष सामुदायिक विद्यालयका प्रधानाध्यापक, क्रियाशिल राजनैतिकदलहरु र स्थानिय संघ संस्था (बैंक, वित्तिय संस्था तथा सहकारी संस्था) समेत रहने गरि कोरोना रोकथाम समन्वय समिति बनाउने निर्णय गरि सो समिति वडा तहसम्म पुर्याउने निर्णय गरियो ।
- कोरोना रोकथामको लागि प्रतिकार्य योजना स्वीकृत गरि लागु गर्ने ।
- गंगादेव गाउँपालिका स्वास्थ्य शाखाबाट निरन्तररुपमा संक्रमण रोकथामको लागि निरन्तर सचेतनामुलक कार्यक्रम राख्ने ।
- स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई २४ घण्टा तयारी अवस्थामा राख्ने ।

साथै माथी उल्लेखित निर्णयहरु कार्यान्वयनका लागि गाउँपालिकामा बसोबास गर्ने सम्पुर्ण नागरिकहरुलाई अत्यावश्यक कामको लागि बाहेक घरबाट बाहिर ननिस्कनुहुन र अनिवार्य मास्कको प्रयोग गर्नुहुन ।

साथै यस पालिकामा बसोबास गर्ने बासिन्दा भए आफ्नै घरमा तथा काम रोजगारी व्यवसायिको लागि पालिका बाहिर वा विदेशमा रहेको भए सोहि स्थानमा सुरक्षीत बसोबास गरि कोरोनाको सम्भावित जोखिम र संयममित रोकाथाम गर्न सहयोग पुर्याउनुहुन सम्पुर्ण गाउँपालिकाबासीलाई अपिल गरिन्छ । अत्यावश्यक बाहेकका सम्पुर्ण यात्रुबाहक सवारीसाधनहरु, पालिका भित्रका औषधी र खाद्यन्न पसल बाहेकका सम्पुर्ण पसलहरु संचालन गर्न अर्को सूचना जारी नभएसम्मको लागि पुर्ण रुपमा रोक लगाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना संप्रेषण गरिएको छ। साथै सम्पुर्ण गाउँपालिकाबासीहरुलाई अत्यावश्यक परिस्थितीमा बाहेक घर बाहिर ननिस्कन समेत अनुरोध गर्दै यो सूचनाको वेवास्ता गरि उपरोक्त बमोजिमको क्रियाकलाप गरे गराइएको पाइएका प्रचलित कानुन बमोजिम कारवाहीका लागि स्थानिय प्रशासनमा बुझाउने व्यहोरा जानकारी गराइन्छ ।

पुष्पा पुरुषोत्तम देवकोटा
नि. प्रमुख प्रशासकिय अधिकृत